नगर कार्यपालिकाको
बैठक संख्या १२ ..........
मिति २०६९।०८।२६ को
निर्णय प्रमाणित

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

बैठक संख्याः १२/२०७९-०८४

मिति २०७९ साल मंसिर २७ गतेका दिन बसेको कोहलपुर नगरपालिका, नगर कार्यपालिकाको बैठकबाट देहाय बमोजिमका निर्णयहरु पारित गरियो।

**निर्णय नं. १**

नगर कार्यपालिकाका अघिल्ला बैठकहरुबाट भएका निर्णयहरुको समिक्षा गरियो। कार्यान्वयन गर्न बाँकी निर्णयहरु यथाशीघ्र कार्यान्वयन गर्न सम्बन्धित विषयगत शाखा एवं वडा कार्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. २**

क. कोहलपुर नगरपालिकामा आगामी आ.ब. २०८०/०८१ का लागि समपुरक अनुदान सम्बन्धी कार्यबिधी, २०७५ बमोजिम तपसिल बमोजिम प्राथमिकता हुने गरी तपसिलका योजना छनौट गरी पठाउने।

संघीय सरकारमा माग गर्ने समपुरक योजनाः

| सि.नं. | योजना/ कार्यक्रमको नाम | वडा | अनुमानित बजेट |
|---|---|---|---|
| १ | कोहलपुर रिङरोड निर्माण तथा स्तरोन्नती | | ४ करोड |
| २ | डुडुवा/ रोहिणी खोलामा तटबन्धन | १२ र १३ | १.२ करोड |
| ३ | सृजना दुग्ध डेरीदेखि बागेश्वरी क्याम्पस सम्म (३३० मी.) बाटो | ११ | ५० लाख |
| ४ | गोहवा गाउँदेखि चौधरिया जोड्ने सडक | ४ र १५ | १ करोड |
| ५ | वडा नं. ११ र ६ को सिमानादेखि बालविद्यासम्म पक्की नाली निर्माण | ११ र ६ | १.२ करोड |

ख. कोहलपुर नगरपालिकामा आगामी आ.ब. २०८०/०८१ का लागि विशेष अनुदान सम्बन्धी कार्यबिधी २०७५ तथा प्रदेश विशेष अनुदान सम्बन्धी कार्यबिधी बमोजिम प्राथमिकता हुने गरी तपसिलका योजना छनौट गरी पठाउने ।

संघीय सरकार/प्रदेश सरकारमा माग गर्ने विशेष योजनाः

| सि.नं. | योजना/ कार्यक्रमको नाम | वडा | अनुमानित बजेट |
|---|---|---|---|
| १ | श्री हिमालय मदरसा गरिब नवाज प्राथमिक विद्यालय पर्खाल निर्माण | ४ | १ करोड |
| २ | राम मा.बि. भवन निर्माण | १४ | १.५ करोड |
| ३ | आधारभुत स्वास्थ्य केन्द्र स्तरोन्नती | ३ | ५० लाख |
| ४ | दलित सांस्कृतिक संग्रहालय | २ | ५० लाख |
| ५ | निकुञ्ज क्षेत्रमा मेसजाली घेरबार | २ र १३ | ५० लाख |
| ६ | सिकलसेल एनिमिया ल्याब संचालन तथा व्यवस्थापन कार्यक्रम (क्रमागत) | | १.५ करोड |

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या ९२
मिति २०८१।८।२६ को
निर्णय प्रमाणित

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

ग. कोहलपुर नगरपालिकामा आगामी आ.ब. २०८०/०८१ का लागि प्रदेश समपुरक अनुदान व्यवस्थापन कार्यबिधी २०७८ बमोजिम तपसिल बमोजिम प्राथमिकता हुने गरी योजना छनौट गरी पठाउने ।

प्रदेश सरकारमा माग गर्ने समपुरक योजनाः

| सि.नं. | योजना/ कार्यक्रमको नाम | वडा | अनुमानित बजेट |
|---|---|---|---|
| १ | सरस्वति चोकदेखि पिपिरी चोकसम्म सडक स्तरोन्नती | ८ | ३ करोड |
| २ | दिपनगर पुरानो वनखेत मुक्ति प्रा.बि वरको बुटा जाने बाटो | २ | २ करोड |
| ३ | चप्परगौडी मसुरीखेत थारु गाउँ जाने बाटो | १२ | १ करोड |
| ४ | महेन्द्र राजमार्गदिखि मैटहवा हुँदै बैजनाथ गाउँपालिका जोड्ने कृषि सडक कालोपत्रे | ३ | १.५ करोड |
| ५ | सृजना टोलदेखि बौद्ध गुम्बासम्मको बाटो कालोपत्रे | १४ | १ करोड |

**निर्णय नं. ३**

समृद्धिका लागि वन परियोजना (REDD) अन्तर्गत कोहलपुर नगरपालिकाका लागि प्राप्त कार्यक्रम कार्यान्वयनका लागि अगाडी बढाउने । उक्त कार्यक्रम अन्तर्गत १(एक) जना वन प्राबिधिक नियुक्ति प्रक्रिया अगाडी बढाउने र सोही परियोजना मार्फत १ वटा विद्युतीय सवारी साधन (दुईपाग्रे) खरिद गर्ने।

**निर्णय नं. ४**

कोहलपुर नगरपालिकामा निर्माण सम्पन्न हुन लागेको लामो दुरीको बसपार्कको राजस्व ठेक्का व्यवस्थापनका लागि सरोकारवाला निकायसँग छलफल गरी सुझाव सहितको प्रतिवेदन १५ दिनभित्र कार्यपालिकामा पेश गर्ने गरी तपसिल बमोजिमको पाँच सदस्यीय समिति गठन गर्ने । आवश्यकता अनुसार उक्त समितिको बैठक भत्ता नगरपालिकाले उपलब्ध गराउने ।

तपसिलः

| | |
|---|---|
| श्री बीरेन्द्र कुमार शाह, वडा अध्यक्ष वडा नं. १२ | - संयोजक, |
| श्री दिपेन्द्र श्रेष्ठ, वडा अध्यक्ष वडा नं. ५ | - सदस्य |
| श्री ईश्वरी प्रसाद बिश्वकर्मा, कार्यपालिका सदस्य | - सदस्य |
| श्री सुनिता सुनार, कार्यपालिका सदस्य | - सदस्य |
| श्री बालकृष्ण महतरा, इन्जिनियर सातौं | - सदस्य |
| श्री लक्ष्मण बि.सी., कम्प्यूटर अपरेटर | - सहयोगी कर्मचारी । |

**निर्णय नं. ५**

कोहलपुर नगरपालिकाको साविकको कर्मचारी सङ्गठन संरचना(O&M) संशोधन गर्न सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गरी तहाँका रोष्टर वा सम्बन्धित कर्मचारी २(दुई) जना विज्ञ नियुक्ति गरी संक्षिप्त संगठन तथा व्यवस्थापन सर्भेक्षण गराउने र उक्त कार्य गरे वापत कोहलपुर नगरपालिकाको प्रशासकीय कार्यविधि (खर्च मापदण्ड नियमित गर्ने) नियमावली, २०७९ बमोजिम राष्ट्रियस्तरको बिज्ञको मापदण्ड अनुसारको दैनिक भ्रमण भत्ता तथा विज्ञ भत्ता उपलब्ध



प्रमुख प्रशासकीय अधिकृत

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

नगर कार्यपालिकाको
बैठक संख्या ९२
मिति २०७९।८।२६ को
निर्णय प्रमाणित

गराउने । विज्ञहरुबाट प्राप्त राय सुझावका आधारमा संगठन संरचनामा आवश्यक संशोधनका लागि आगामी नगर सभा अगावै कार्यपालिका बैठकमा पेश गर्ने ।

निर्णय नं. ६

वातावरण तथा विपद व्यवस्थापन शाखा र पशु सेवा शाखाले सामुदायिक पशु (गाई, कुकुर आदि) व्यवस्थापनका लागि नगरपालिकामा पेश भएका प्रस्तावहरुमा छलफल गरी नगरपालिकाको वातावरण संरक्षण तथा विपद व्यवस्थापन समिति मार्फत उचित व्यवस्थापनका लागि राय सुझाव पेश गर्ने ।

निर्णय नं. ७

कोहलपुर नगरपालिका क्षेत्र भित्र ठेलागाडा, सडक तथा फुटपाथ व्यवसायीहरुको व्यवस्थापन गर्न गठित समितिले प्रस्तुत गरेको प्रतिवेदन बैठकमा प्राप्त भयो । सो प्रतिवेदनमा औंल्याइएका सुझावहरु तत्काल कार्यान्वयनमा लैजाने । उक्त प्रतिवेदन कार्यान्वयन नहुँदासम्म तत्कालका लागी ठेलागाडालाई पूर्णरुपमा निषेध गर्ने तर निश्चित स्थानमा सामान राखी बिक्री वितरण गर्ने प्रयोजनार्थ कोहलपुर उद्योग बाणिज्य संघ परिसर सँगै पछाडी रहेको खाली स्थानमा उद्योग बाणिज्य संघसँगको समन्वयमा व्यापार व्यवसाय गर्न दिने ।

निर्णय नं. ८

कोहलपुर नगरपालिकाको दमकल र एम्बुलेन्स सेवा नगर प्रहरीको सहयोगमा २४ सै घण्टा संचालन हुन सक्ने गरी तयारी अवस्थामा राख्ने । एम्बुलेन्समा GPS System जडान गरी संचालनका लागि एक जना ड्राईभर नगर प्रमुखको सिफारिसमा ज्यालादारीमा कामकाजमा लगाउने। एम्बुलेन्स सेवा उपभोग गरे वापत जिल्ला एम्बुलेन्स दररेट बमोजिमको शुल्क लिने तर कोहलपुरका स्थानिय बासिन्दालाई २५% छुट दिने र नगरपालिका अन्तर्गत स्वास्थ्य चौकीमा नियमित ३ पटकभन्दा बढी ANC चेकजाँच गरेका कोहलपुर स्थायी ठेगाना भएका महिला सुत्केरी हुँदा निजको घरदेखि अस्पताल सम्म लैजाँदा निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराउने । सो संचालन सम्बन्धी थप विषय सामाजिक विकास समितिले निर्णय गरे बमोजिम हुने ।

निर्णय नं. ९

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परिक्षण सम्बन्धी नमूना कार्यविधिको प्रस्तावना बमोजिम हुने गरी कोहलपुर नगरपालिकाको वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परिक्षण कार्यविधि २०७९ स्वीकृत गर्ने ।

निर्णय नं. १०

कोहलपुर नगरपालिका भित्रका खानेपानी आयोजनाहरुको सुदृढिकरणका लागि चालु आ.ब. २०७९/०८० को नीति, बजेट तथा कार्यक्रम पुस्तिकाको पेज नं. ७३ सि.नं. ९४ को खानेपानी पुर्वाधार सहकार्य शिर्षकमा विनियोजित रकमबाट बिराट खानेपानी उपभोक्ता संस्थालाई रु.१७,००,०००।– र रझेना खानेपानी संस्थालाई रु. ३,००,०००।– रकम उपलब्ध गराउने।

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

नगर कार्यपालिकाको
बैठक संख्या ९२
मिति २०८१।८।२६ को
निर्णय प्रमाणित

निर्णय नं. ११

यस नगरपालिकाको यस अघि कार्यपालिकाले निर्णय गरी सम्झौता गरे बमोजिमको शर्त र क्षेत्रफल रहने गरी वडा नं. २ को तेह्र बिगाहामा कि.नं. ९३ मा फुटबल एकेडेमी निर्माणका लागि जग्गा उपलब्ध गराउने । साथै विस्तृत परियोजना प्रतिवेदन (DPR) तयारी एवं बजेट विनियोजन गरी फुटवल एकेडेमी निर्माणका लागि आवश्यक सहयोग गरिदिन राष्ट्रिय खेलकुद परिषदमा लेखि पठाउने।

निर्णय नं. १२

यस नगरपालिकामा 'घ' वर्गको ईजाजत पाउँ भनी निवेदन पेश गरी आवश्यक प्रक्रिया पुरा गरेका तपसिलका निर्माण व्यवसायीहरुलाई “घ” वर्गको ईजाजत अनुमति प्रत्र दिने ।

क. रेश्मा कन्स्ट्रक्सन प्रा.लि., कोहलपुर २. बाँके ।
ख. कल्पना इन्जिनियरिङ्ग सप्लायर्स एण्ड कन्स्ट्रक्सन प्रा.लि., कोहलपुर ५, बाँके ।
ग. अवार्ड इन्जिनियर्स एण्ड कन्सट्रक्सन प्रा.लि., कोहलपुर ११, बाँके

निर्णय नं. १३

कोहलपुर नगर प्रहरी नियमावली, २०७९ को देहाय बमोजिम संशोधन गर्ने ।

नियम ५३ पछि थप गर्नुपर्ने:

५३(क) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा उल्लेख भएको भएता पनि ऐन बमोजिम करार सेवामा कार्यरत वा स्थायी प्रहरी कर्मचारीको हकमा समेत सम्पूर्ण प्रहरी कर्मचारीको बिमा नगरपालिकाले गरिदिने । यदि बिमा म्याद सकिएको वा बिमा नगरेको अवधिमा कुनै पनि प्रहरी कर्मचारी कर्तव्य पालनको समयमा दुर्घटना वा चोटपटक लागी घाईते भएमा नेपालमा हुने उपचार खर्च नगरपालिकाले व्यहोरने नेपालमा उपचार हुन नसकी छिमेकी देशमा लैजान परेमा अस्पतालको एवं एम्बुलेन्सको खर्च उपलब्ध गराउने ।

५३(क)१. दुर्घटना भई अस्पतालमा भर्ना हुनु परेमा सो अवधिको बढीमा १ महिना विशेष विरामी बिदा उपलब्ध गराउन सकिने । सो भन्दा बढी अवधिको गयलकट्टी हुने ।

(ख) यस्तो रकम बढीमा ३ लाख वा बिल बमोजिम जुन कमी हुन्छ सो उपलब्ध गराउने ।

निर्णय नं. १४

कोहलपुर नगर ख्रिष्टियन समाजको समाधिस्थलका लागि जग्गा उपलब्ध गराउने सम्बन्धमा सर्वपक्षीय र सर्वदलीय सहमति जुटाई आगामी बैठकमा पेश गर्ने ।

निर्णय नं. १५

कोहलपुर नगरपालिकाको वडा नं. ५ प्रगतिनगर टोल पञ्चरामको नर्सरी नजिक ५ नं. वडा कार्यालय हुँदै रझेना जोड्ने कालोपत्रे बाटोमा पर्ने १ वटा सिमलको रुख, वडा नं. ८ को फुटवल मैदानमा रहेको १ वटा सिमलको रुख, वडा नं. १२ को नारायणी पेट्रोल पम्प निर रहेका अव्यवस्थित २ वटा सिमलका रुख कटान/ व्यवस्थापनका लागि डिभिजन वन कार्यालय, बाँके र सडक कार्यालय नेपालगञ्जलाई सिफारिस गर्ने।

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या ...१२...
मिति २०७९।८।२६ को
निर्णय प्रमाणित

निर्णय नं. १६

कोहलपुर नगरपालिंका वडा नं. २ निवासी सिंह बहादुर बि.क.को छोरी श्रृष्टी बि.क. जापानिज इन्सेक्टिफ्लाईटिस रोगबाट गम्भिर बिरामी भएको र निजको घरको आर्थिक अवस्था समेत कमजोर रहेकाले औषधि उपचारका लागि रु.२५,०००।–, करेण्ट लागी दुवै हातखुट्टा गुमाएका कोहलपुर नगरपालिका वडा नं. ३ निवासी कालीराम थारुलाई रु.२५,०००।– रकम आर्थिक सहायता उपलब्ध गराउने ।

निर्णय नं. १७

नगरपालिकाभित्र घरधनी तथा बहालवालाले आपसी सम्झौता गरी सम्झौता रकमको नियमानुसार बहाल कर बुझाउन नगरपालिका वा वडा कार्यालयमा आएमा कम्तिमा तीन महिनाको अग्रीम बहालकर लिएर मात्र सो को निस्सा दिने । घरखाली भएको भनी निवेदन पेश भएमा सम्बन्धित वडाका पदाधिकारी वा कर्मचारीले स्थलगत रुपमा निरीक्षण गरी खाली भएको प्रमाण(फोटो) सहित सिफारिस गरेमा प्रमुख प्रशासकीय अधिकृतले सो को बहाल कर बन्द गर्ने ।

निर्णय नं. १८

ईलाका प्रहरी कार्यालय, कोहलपुरको ब्यारेक निर्माणका लागि रु.१०,००,०००।-, अस्थायी प्रहरी चौकी हवलदारपुरका लागि रु.१,५०,०००।- र ६ नं. वडामा रहेको प्रहरी चौकीको मर्मत सुधारका लागि रु.३६,०००।- चालु आ.ब. २०७९/०८० को नीति, बजेट तथा कार्यक्रम पुस्तिकाको पेज नं. ७१ सि.नं. ७० को विभिन्न (सरकारी तथा गैर सरकारी) निकायहरुसँग समन्वय सहकार्य शीर्षकबाट उपलब्ध गराउने ।

निर्णय नं. १९

यस नगरपालिकामा कार्यरत साविक स्थानीय निकायका स्थायी कर्मचारीहरुको स्तरबृद्धि सम्बन्धी विधेयक तर्जुमाको मस्यौदा तयार गरी राय परामर्शका लागि लुम्बिनी प्रदेश लोकसेवा आयोगमा लेखी पठाउने ।

निर्णय नं. २०

कोहलपुर नगरपालिकाको कोहलपुर वाङ्मय प्रतिष्ठान विधेयक, २०७९ अनुसार बनेको कोहलपुर वाङ्मय प्रतिष्ठान कार्यविधी २०७९ मस्यौदा बैठकमा टेबुल भयो ।

निर्णय नं. २१

कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना तथा युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (प्रधानमन्त्री रोजगार कार्यक्रम, आ.ब. २०७९/०८०) को लागि स्थानीय निर्देशक समितिको मिति २०७९/०८/२३ गतेको बैठकबाट निर्णय भई आए बमोजिमको बजेट तथा कार्यक्रम अनुमोदन गरी तत्काल कार्यान्वयन गर्ने ।

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

नगर कार्यपालिकाको
बैठक संख्या ...१२...
मिति .२०७९।८।२६. को
निर्णय प्रमाणित

निर्णय नं. २२

क. कोहलपुर नगरपालिकाको स्वयंसेवक शिक्षक परिचालन कार्यबिधी, २०७९ को मस्यौदा बैठकमा टेबुल भई छलफल भयो । उक्त मस्यौदामा प्राप्त राय सुझाव समेटी स्वयंसेवक शिक्षक परिचालन कार्यबिधी, २०७९ स्वीकृत गर्ने ।

ख. कोहलपुर नगरपालिकाको अपायक माध्यामिक विद्यालयमा अध्ययनरत विपन्न छात्राहरुका लागि साइकल वितरण कार्यबिधी, २०७९ को मस्यौदा बैठकमा टेबुल भई छलफल भयो। उक्त मस्यौदामा प्राप्त राय सुझावहरु समेटी कोहलपुर नगरपालिकाको अपायक माध्यामिक विद्यालयमा अध्ययनरत विपन्न छात्राहरुका लागि साइकल वितरण कार्यबिधी, २०७९ स्वीकृत गर्ने ।

निर्णय नं. २३

नगरपालिकाहरुको पक्षमा आवाज उठाउँदै नगरपालिकाहरुलाई सक्षम, सुदृढ र आत्मनिर्भर बनाउने दिक्षामा क्रियाशिल नगरपालिकाहरुको छाता संगठनको रुपमा रहेको नेपाल नगरपालिका संघलाई सदस्यता शुल्क वापत रु.५०,०००।– उपलब्ध गराउने ।

निर्णय नं. २४

क. यस नगरपालिका क्षेत्रभित्रको राजमार्ग, कार्यालय परिसर क्षेत्रमा फुलका बोटबिरुवा काँटछाँट एवं सौन्दर्यकरणका लागी सम्बन्धीत क्षेत्रमा ज्ञान भई कार्य अनुभव भएको १(एक) जना मालि/बगैंचे एवं सडक सरसफाईको लागी ४ (चार) जना सरसफाईकर्मी नगर प्रमुखको सिफारिसमा नगर प्रहरीको मातहतमा रही कार्य गर्ने गरी दैनिक ज्यालादारीमा डोर हाजिरीका आधारमा पारिश्रमिक उपलब्ध गराउने गरी कामकाजमा लगाउने ।

ख. रझेना स्वास्थ्य चौकीको बर्थिङ् सेन्टरमा एक जना स्वीपर आवश्यक रहेकाले कोहलपुर १५ बस्ने सुनिता मगरलाई दैनिक ज्यालादारीमा डोर हाजिरीका आधारमा पारिश्रमिक उपलब्ध गराउने गरी कामकाजमा लगाउने ।

ग. हाल यस नगरपालिकामा दमकल चालकको पद रिक्त रही सो कार्य नगरपालिकाका टिप्पर चालकले गरिरहेको र टिप्पर चालकको आवश्यकता परेको हुँदा तत्कालका लागि एक जना भारी सवारी चालक नगर प्रमुखको सिफारिसमा ज्यालादारीमा कामकाजमा लगाउने । बहालवाला सवारी चालकहरु तथा यस निर्णय बमोजिम ज्यालादारीमा काम गर्ने सवारी चालकहरुको लाईसेन्स् एवं आवश्यक्ताका आधारमा जिम्मेवारी हेरफेर गरी काममा लगाउन सकिने ।

निर्णय नं. २५

राष्ट्रिय स्तरको क्रिकेट प्रतियोगिता संचालन गर्न चालु आ.ब. २०७९/०८० को नीति, बजेट तथा कार्यक्रम पुस्तिकाको पेज नं. ६९, सि.नं. ४२ बाट रू १० लाख बजेटको कार्य गर्न उपभोक्ता समिति गठन गरी अघि बढाउने

निर्णय नं. २६

राष्ट्रिय भूमी आयोगको भुमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई जग्गा वितरण प्रयोजनार्थ यस कोहलपुर नगरपालिकाभित्रका तपसिल बमोजिमका भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र १० वर्षदेखि अव्यवस्थित बसोबास गर्दै आएका परिवारलाई देहाय बमोजिमको जग्गा

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या ...१२...........
मिति ..२०६९।८।२६.. को
निर्णय प्रमाणित

(ऐनको दफा ५२ ख(४) र नियम ४१ ख (४) बमोजिम बाहेकको जग्गा) देहायको प्रयोजनार्थ उपलब्ध गर्ने राष्ट्रिय भूमि आयोग गठन आदेशको दफा ६ को खण्ड (ग), (ज) भूमि सम्बन्धी नियम २०२१ को नियम २१(ख)(१) ४१घ(३) बमोजिम राष्ट्रिय भूमि आयोगमा लालपुर्जा वितरणका लागि सिफारिस गर्ने । भूमिहिन दलित र भूमिहिन सुकुम्बासीहरुको मालपोत कार्यालयबाट भेरिफिकेसन भै आएको वडा नं. ८ मा ४ जनाको अन्यत्र जग्गा देखिएको/ बिक्री गरिएको विवरण उल्लेख गरी राष्ट्रिय भूमि आयोग जिल्ला समिति बाँकेमा पठाउने।

तपसिलः

| सि.नं. | वडा नं. | भुमिहिन दलित | भूमिहिन सुकुम्बासी | अव्यवस्थित बसोबासी |
|---|---|---|---|---|
| १ | ८ | ६२ जना | ३१ जना | ४४२ |

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत